# जीतपुरसिमरा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जीतपुर, बारा

**शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

प्रकाशित मिति:२०७५।०५।०७

स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ९ को दफा ६१ बमोजिम यस उपमहानगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आ.व. २०७५/०७६ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा ०७४/७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व.घोषणापत्र पेश गरी निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति, समय र स्थानमा शिलवन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठे. नं. | ठेक्काको किसिम | न्यूनतम ठेक्का अंक | पछि फिर्ता नहुने गरी बोलपत्र फाराम दस्तुर (रु.) | अवधि |
|---|---|---|---|---|
| ४. | स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ९ दफा ६१ बमोजिम (कवाडी ) यस उपमहानगर क्षेत्रभित्रका आन्तरिक आय शिर्षक अन्तर्गत (कवाडी ) बिक्री वितरण कार्य, निस्कने झिण्डु (प्राकृतिक र कृत्रिम ऊनका टुक्रा ) गार्मेन्टको कपडाको टुक्रा ,जलेको मोबिल ,जुट, प्लाष्टिकका बोरा कार्पेटको टुक्रा , पुराना टायरट्युव, थोत्रो टीन, पुराना ड्रम , खाली शिशि (बोतल) अखवार , कार्टुनसमेत (पुराना कागज) फलाम ,अन्य धातुमा ( तामा,पितल ) थोत्रो मेशिनरी औजारहरु पोलिथिन पाइपका टुक्रा, सिसा, लिडको धुलो, काँचको टुक्रा अन्य धातुमा पुनःप्रशोधन गरी पुनः प्रयोग हुन सक्ने कवाडी मालसामानमा लगाइने बिक्री एवम् निकासी कर । | रु.२,०५,००,०००। (दुई करोड पाँच लाख मात्र ) (१३ % मूल्य अभिवृद्धि बाहेक) | ५०००।- | ३० दिन भित्र |

**शर्तहरु :**

१. बोलपत्र फाराम यस उपमहानगरपालिकाको कार्यालय, र ईलाका प्रशासन कार्यालय सिमराबाट सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले ३१औं (एकतिस) दिनमा दिनको १२.०० बजे भित्र आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, कलैयामा रहेको यस कार्यालयको धरौटी खाता नं. १२६०३०३००७११० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानीपत्र (वीड वण्ड) संलग्न गरी यस कार्यालय जीतपुर बारामा पेश गर्नुपर्नेछ ।

३. यसरी पर्न आएका बोलपत्रहरु ३१ औं दिन दिउसो २:०० बजे उपमहानगरपालिकाको कार्यालय जीतपुरमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद, दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।

४. ठेक्का अवधि सम्झौता मिति देखि २०७६ असार मसान्तसम्म हुनेछ । कवाडी मालसामान अन्तर्गत धातुजन्य वस्तु ,थोत्रो प्लाष्टिक सामानहरु पुराना कागज र सिसा (काँचका टुक्रा) बोतल , थोत्रिएर काम नलाग्ने मेशिनरी औजारहरुको सम्बन्धित कार्यमा यस कार्यालयको निर्देशन पालना गर्नुपर्नेछ ।

५. बोलपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र

for Chief Administrative Officer

रकम छुट दिइनेछ ।

८. ठेकेदारले आफूले कबोल गरेको कुल रकम तीन किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ३३ प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ । त्यसपछिको बाँकी रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनु पर्नेछ । सो दुई किस्ता मध्येको पहिलो किस्ता रकम २०७५ पौष मसान्त भित्र र अन्तिम किस्ता वापतको रकम २०७५ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

९. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता वाहेक बुझाउन बाँकी रकमको २०७६ असार मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा ठेकेदारको तर्फबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलनपूर्जी दिइनेछ ।

१०. ठेकेदारले नियमानुसारको आयकर आफैले आन्तरिक राजश्व कार्यालयमा एवं कबोल अंकको १३% ले हुने मू.अ.कर सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । सो वाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । ठेक्का रकमबाट कटाउन पाइने छैन ।

११. बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात सम्झौता रकममा कुनै किसिमको छुट वा मिनाहा प्रावधान नरहेको जानकारी गराईन्छ ।

१२. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रतिवाला रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ । ठेकेदारले मासिक रुपमा रसिद असुली विवरण यस कार्यालयमा पेश गर्नू पर्नेछ । विवरण पेश नगरेको कारण कवाडी कर संकलन रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हनेछ । शर्त सहितको बोलपत्रलाई वदर मानिने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१४. नेपाल सरकारबाट बन्देज लगाईएको बाहेकको अन्य मालसामानको कर असुल गर्न पाइने छैन ।

१५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० तथा नियमावली, २०२२ करार ऐन, २०६४एवम् अन्य प्रचलित कानून अनुसार हुनेछ ।

Chief Administrative Officer